नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.: ०७७/७८
च.नं. १६९

मिति : २०७७।१०।११

**विषय : कार्यक्रम कार्यान्वयन सम्वन्धमा।**

**श्री स्थानीय तह**
**सवै।**

अर्थ मन्त्रालयको विभिन्न मितिमा भएका निर्णयानुसार चालु आव २०७७।७८ मा सव बजेट उपशिर्षक नं ३५०००८०१ विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपसिल अनुसारका क्रियाकलापहरुमा कार्यक्रम संशोधन तथा रकम थप गरी वित्तीय हस्तान्तरण भएकाले कार्यक्रमसँग सम्बन्धित स्वीकृत निर्देशिका/ कार्यविधि तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ का अतिरिक्त निम्नानुसार कार्यान्वयन गर्नुहुन यस केन्द्रको मिति २०७७।१०।०७ को निर्णयानुसार अनुरोध छ।

अर्जुन ढकाल
शाखा अधिकृत

तपशिल

१. **क्रियाकलाप नं २.७.१३.३३ अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान:** यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले उक्त बजेटबाट शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) र १ मात्र दरवन्दी वा राहत अनुदान भएका माविमा माध्यमिक तहको गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि देहाय अनुसार वितरण गर्ने :- (कार्यविधि यस केन्द्रको वेभसाइट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिनेछ।)

   क) आव २०७५।७६ मा शैक्षिक सत्र २०७६ मा शिक्षक व्यवस्थापनका लागि अनुदान निकासा भएको विद्यालयका लागि चालु आवको पुस मसान्तसम्म ६ महिना बराबरको रकम (रु २ लाख १६ हजारका दरले)तत् तत् विद्यालयमा निकासा गर्ने।

   ख) कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) माध्यमिक विद्यालयका लागि प्रति विद्यालय २ शिक्षक व्यवस्थापन गर्न ६ महिनाका लागि प्रति शिक्षक २ लाख १६ हजारका दरले अनुदान रकम निकासा गर्ने।

   ग) एक मात्र दरबन्दी वा राहत अनुदान प्राप्त गरेका माध्यमिक विद्यालयमा थप १ शिक्षक व्यवस्थापनका लागि ६ महिनाको लागि प्रति शिक्षक रु २ लाख १६ हजारका दरले अनुदान निकासा गर्ने।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.: ०७७/७८
च.नं. १६६

२. **क्रियाकलाप नं २.७.१३.३४ कक्षा ९ मा थप प्रविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान तथा २.७.१३.३५ कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव व्यवस्थापन अनुदान :**

यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शैक्षिक सत्र २०७७ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न अनुमती प्राप्त गरेका विद्यालयहरुलाई स्वीकृत विषय अनुसार तोकिएको अनुदान रकम ल्याव व्यवस्थापनका लागि विद्यालयलाई उपलव्ध गराउने। विद्यालयले यस केन्द्रबाट स्वीकृत सुची अनुसारका ल्याव सामग्री व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने। ल्याव सामग्री खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार गर्ने। विद्यालयमा प्रशिक्षक तथा सहायक प्रशिक्षक व्यवस्थापन गर्न स्वीकृत बजेट विद्यालयहरुलाई अनुदान उपलव्ध गराउने। विद्यालयको सूची शिक्षा तथा मानव स्रोत विकास केन्द्र केन्द्रको वेवसाइटमा उपलव्ध छ।

३. **क्रियाकलाप नं २.७.१३.३१ शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान :**

चालु आवमा यस प्रकारको अनुदानका लागि छनोट भएका विद्यालयहरुका लागि बजेट विनियोजन रहेका स्थानीय तहले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ तथा वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन कार्यविधि २०७६ वमोजिम कार्यान्वयन गर्ने गरी विद्यालयहरुलाई अनुदान उपलव्ध गराउने।

४. **क्रियाकलाप नं २.७.२५.६२ कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम**

यस कार्यक्रमका लागि चालु आवमा स्थानीय तहमा विनियोजनमा रहेको क्रियाकलाप नं २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान र २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान क्रियाकलापमा रहेको रकमलाई कार्यक्रम संशोधन गरी यस क्रियाकलापमा बजेट कायम गरिएको छ। कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.: ०७७/७८
च.नं. १६२

कार्यान्वयन गर्दा स्वीकृत कार्यान्वयन प्रक्रिया वमोजिम गर्ने। (कार्यान्वयन प्रक्रिया यस केन्द्रको वेवसाइट www.cehrd.gov.np बाट डाउनलोड गर्न सकिनेछ।)

५. **क्रियाकलाप नं २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान :**

तोकिएका विद्यार्थीहरुका लागि दिवा खाजा व्यवस्थाका लागि चालु आवको सुरुमा वजेट व्यवस्था नचएका ७ जिल्ला ( दार्चुला, बझाङ, बाजुरा,अछाम, डोटी, जाजरकोट र दैलेख) का लागि यस क्रियाकालापमा थप अनुदान विनियोजित भएको छ। स्थानीय तहले विश्व खाद्य कार्यक्रमबाट दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरु छुट्याइ वाँकी रहेका विद्यालयहरुमा वालविकास देखि कक्षा ५ सम्म अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीका लागि बजेटको परिधि रही कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ वमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।